# पोखरा विश्वविद्यालय बुलेटिन

**Pokhara University Bulletin** Year: 18, Issue: 15, July-August, 2022

बर्ष १८ | २०७९ श्रावण | अङ्क: १ | पूर्णाङ्क: १५


## रजत जयन्तीमा विविध कार्यक्रमहरू सम्पन्न

पोखरा विश्वविद्यालय स्थापना भएको २५ औं वर्षलाई विविध कार्यक्रमहरू आयोजना गरी मनाइयो । पोखरा विश्वविद्यालयका उपकुलपति प्रा.डा. प्रेमनारायण अर्यालको अध्यक्षतामा गठित रजिष्ट्रार, सङ्कायका डीनहरू लगायत अन्य पदाधिकारी, शिक्षक तथा कर्मचारी सम्मिलित रजत जयन्ती मूल तयारी समितिले विश्वविद्यालयअन्तर्गत विभिन्न उपसमितिहरू गठन गरी रजत जयन्ती सम्बन्धी विविध कार्यक्रमहरू सञ्चालन गरेको हो ।

रजत जयन्तीलाई समुदायसँग हातेमालो गर्दै तनाव व्यवस्थापन, योग, विद्यार्थी, शिक्षक तथा कर्मचारीहरूको वक्तृत्व कला, फुटबल र हारिजी जवाफ प्रतियोगिता, सांस्कृतिक कार्यक्रम जस्ता प्रतिभा प्रस्फुटन र मनोरञ्जनका कार्यक्रमहरू पनि सञ्चालन गरिए । रजत यन्तीलाई मध्यनजर गर्दै विश्वविद्यालयको प्रोस्पेक्टस् स्मारिका आदिको प्रकाशनका साथै विश्वविद्यालयको छविलाई प्रबर्धन गर्ने खालका स्टीकर, लोगो समेत प्रयोगमा ल्याइयो ।

रतज जयन्तीको अवसरमा स्थानीय समाजसेवी, विश्वविद्यालयसँग सम्बद्ध एवम् विश्वविद्यालय स्थापनार्थ विभिन्न किसिमले साथ, सहयोग र योगदान गर्ने विभिन्न व्यक्तित्व, संघ-संस्था, पूर्व पदाधिकारीहरू, शिक्षक तथा कर्मचारीलाई पोखरा विश्वविद्यालय २६ औं स्थापना दिवसमा सम्मान गरिने छ ।

## पोखरा विश्वविद्यालय शिक्षण अस्पताल निर्माणका लागि सम्झौता



२०७९ जेठ २० गते शुक्रबार, पोखरा- ३०, कास्की ।

पोखरा विश्वविद्यालयले १०० शैयाको शिक्षण अस्पताल निर्माणको लागि सम्झौता गरेको छ । शिक्षण अस्पतालको लागि आवश्यक पूर्वाधार निर्माण गर्न विश्वविद्यालयले पोखरा विश्वविद्यालयलको छात्रावास भवनलाई परिमार्जन गर्ने गरी ठेक्का सम्झौता गरेको हो । पोखरा विश्वविद्यालयका उपकुलपति प्रा. डा. प्रेमनारायण अर्यालको समुपस्थितिमा विश्वविद्यालयका रजिष्ट्रार डा. दिपक बहादुर भण्डारी र सूर्य कन्स्ट्रक्सन कम्पनी प्रा.लि. का प्रबन्ध निर्देशक सूर्य नारायण बरालबीच एक औपचारिक कार्यक्रमबीच उक्त सम्झौता भएको हो । स्वास्थ्य संस्थाको भवन तथा पूर्वाधारसम्बन्धी मापदण्ड अनुरूप छात्रावास भवनलाई अस्पतालको रूपमा परिमार्जन गरिनेछ । अस्पतालको विस्तृत प्रारम्भिक वातावरणीय परीक्षण (आइइ) अध्ययन पछि ठेक्का सम्झौता भएको हो । ठेक्का सम्झौता रकम करिब सात करोड पचास लाख रहेको छ ।

# पोखरा विश्वविद्यालय र नाष्टबीच समझदारीपत्रमा हस्ताक्षर



२०७९ जेठ २१ गते शनिबार, पोखरा-३०, कास्की।

पोखरा विश्वविद्यालयल र नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नाष्ट) बीच विज्ञान तथा प्रविधिको अध्ययन अनुसन्धान तथा शैक्षिक क्षेत्रका विधामा एक आपसमा सहयोग आदान-प्रदान गर्ने उद्देश्यले एक सभ्फदारी पत्रमामा हस्ताक्षर भएको छ । सभ्फदारीपत्रमा पोखरा विश्वविद्यालयको तर्फबाट उपकुलपति प्रा.डा. प्रेमनारायण अर्याल र नाष्टको तर्फबाट उपकुलपति डा. सुनिल बाबु श्रेष्ठले हस्क्षाक्षर गर्नुभयो।

समझदारी पत्रमा दुबै संस्थाबीच वैज्ञानिक तथा प्राविधिक जनशक्ति, सीप र भौतिक सुविधाहरूको यथोचित सदुपयोगमा सहयोग आदानप्रदान हुनेछ भने समसामयिक विषयहरूमा कार्यशाला गोष्ठी, तालिम, सेमिनार, अनुसन्धान परियोजना सञ्चालन गरिनेछ। यसका साथै विज्ञान तथा प्रविधिको विभिन्न क्षेत्रमा विश्वविद्यालयको स्नातकोत्तरतह एवम् विद्यावारिधिस्तरका शोध निर्देशन कार्यमा आपसी स्वीकृतिमा नास्टका उपलब्ध प्राज्ञ तथा वरिष्ठ वैज्ञानिकहरूको पनि संलग्नता गराइनेछ।

समझदारी पत्रले दुबै संस्थालाई संयुक्त रूपमा विज्ञान तथा प्रविधि उन्नयन, जैविक विविधता, पर्यावरण, दीगो शहरी विकाससम्बन्धी अध्ययन अनुसन्धानका लागि सहकार्य गरी अघि बढ्न बाटो समेत खोलेको छ।

# IT Literacy and Skill Training कार्यक्रम सञ्चालन

२०७९ साल असार ८ गते बुधबार, पोखरा-३०, कास्की।

पोखरा विश्वविद्यालयले रजतजयन्तीको विशेष कार्यक्रम अन्तर्गत पोखरा महानगरपालिका वडा नं. ३० का स्थानीय २१ जना गृहिणी महिलाहरूलाई समसामयिक विषयमा सूचना प्रविधि साक्षरता र सीप तालिम दिएको छ।

चुलो चौका सँगसँगै आधुनिक सूचना तथा प्रविधिसँग गृहिणीलाई परिचित गराउनु यस कार्यक्रमको प्रमुख उद्देश्य थियो । गृहिणीलाई प्रविधि मैत्री मोबाइल, ल्यापटप, कम्प्यूटरको प्रयोगबाट अनलाइन व्यापार व्यवसाय सञ्चालन कसरी गर्न सकिन्छ, डिजिटल वालेट, डेबिट वा क्रेडिट कार्ड, ई-बैकिङ्ग, मोबाइल बैकिङ्ग, अटोमेटेड टेलर मेशिन (एटिएम) आदिबाट डिजिटल भुक्तानी कसरी गर्न सकिन्छ भन्ने बारेमा ज्ञान र तालिम दिइयो।




मोबाइलमा प्रयोग भएको प्रविधि र त्यसमा भित्रिएको नयाँ नयाँ आयामको बारेमा गृहिणीहरू लाभान्वित भएका थिए। कार्यक्रमको सञ्चाल विश्वविद्यालय अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक सह-प्रा.डा. नमराज धामी, स्कूल अफ बिजनेशका उपप्राध्यापक दीपाञ्जल श्रेष्ठ, कर्मचारीद्वय लक्ष्मण बाँस्तोला र शिबदत्त बरालले गर्नुभएको थियो।

# Natural and Cultural Heritage in South Asia सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न




२०७९ साल असार ३ गते शुक्रबार, पोखरा-३०, कास्की।

पोखरामा दक्षिण एसियामा प्राकृतिक र सांस्कृतिक सम्पदासम्बन्धी दुई दिने अन्तर्राष्ट्रिय सम्मेलन भयो। असार २ र ३ गते दुई दिनसम्म चलेको सो सम्मेलनमा प्रस्तुतिकरण र सामूहिक छलफल भएको थियो। सम्मेलनलाई पोखरा विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय एवम् त्रिभुवन विश्वविद्यालय पृथ्वी नारायण क्याम्पस, पोखराले संयुक्त रूपमा आयोजना गरेका हुन।

दक्षिण एसियाली अध्ययनका विभिन्न पक्षका अन्तरविषयमा सहभागि विद्वानहरूले प्रस्तुतिकरण र सामूहिक छलफल गरेका थिए। सम्मेलनले दक्षिण एसियाली अध्ययनसँग सम्बन्धित १) संग्रहालय र स्मारकहरू, २) आदिवासी, भाषा र साहित्य, ३) पर्यटन, वातावरण र इकोक्रिटिकिजम्, ४) सिनेमा, प्रदर्शन र दृष्यकला तथा ५) नयाँ मिडिया, सञ्चार र साइबर संस्कृतिलाई निचोडको रूपमा गरिएको थियो। सम्मेलनमा प्रस्तुत भएका दक्षिण एसियाका विविध सांस्कृति, इतिहास, भाषा र साहित्यसँग सम्बन्धित विषयका अनुभव र अन्वेषणलाई एकत्रित गरी जर्नल प्रकाशित हुनेछ। नेपाल यात्रु र साहसिक यात्रा खोज्नेहरूका लागि पनि उत्कृष्ट गन्तव्य स्थल रहेको र यहाँको समृद्ध सम्पदा, साहसिक कार्य, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र विविधताका विभिन्न पक्षहरूलाई समेत विश्वसामू ल्याउन सम्मेलन फलिभूत रह्यो।

सम्मेलनमा ६ वटा विभिन्न देशहरू-नेपाल, भारत, चीन, भुटान, बंगलादेश र इटालीका १५ वटा विश्वविद्यालयहरूबाट कुल ८६ जना प्राध्यापक, विद्वान, स्वयूसेवक एवम् अनुसन्धानकर्ताहरू सहभागि थिए। सम्मेलनमा कुल ३५ वटा पेपरहरू प्रस्तुत भएका थिए। सम्मेलनमा त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, नेपालका अंग्रेजी केन्द्रीय विभागका प्रा.डा. अभि सुवेदी प्रमुख वक्ता हुनुहुन्थ्यो। आठवटा सत्रमा चलेको सम्मेलनको सत्रको अध्यक्षता प्रा.डा. अभि सुवेदी, प्रा.डा. जिवलाल सापकोटा, प्रा. विश्वराज अधिकारी, प्रा.डा. ध्रुव कार्की र प्रा.डा. मोम्मद इस्लामले गर्नुभएको थियो।

उद्घाटन सत्रको अध्यक्षता पृथ्वी नारायण क्यापसका अंग्रेजी विभागका प्रमुख सह-प्रा. घनबहादुर थापाले गर्नुभएको थियो। त्यसको प्रमुख अतिथि त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. शिव लाल भुसाल हुनुहन्थ्यो। त्यसैगरी समापन समारोहको अध्यक्षता पोखरा विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायका डीन सह-प्रा.डा. अजय थापाले गर्नुभएको थियो। त्यसको प्रमुख अतिथि पोखरा विश्वविद्यालयका उपकुलपति प्रा.डा. प्रेमनारायण अर्याल हुनुहुन्थ्यो।

सम्मेलनको आयोजक समितिको संयोजकमा पृथ्वी नारायण क्यापसका अंग्रेजी विभागका प्रमुख सह-प्रा. घनबहादुर थापा र वैज्ञानिक समितिको संयोजनका प्रा.डा. मिन पुन हुनुहुन्थ्यो।

# १ अर्ब ४६ करोडको बजेट पारित गर्दै पोखरा विश्वविद्यालयको २२ औं सभा सम्पन्न

२०७९ साल असार १४ गते मङ्गलबार, पोखरा-३०, कास्की।

पोखरा विश्वविद्यालयको २२ औं साधारण सभाको बैठक सम्माननीय प्रधानमन्त्री एवम् पोखरा विश्वविद्यालयका कुलपति शेरबहादुर देउवाको अध्यक्षतामा प्रधानमन्त्री निवास बालुवाटार, काठमाडौंमा बसी सम्पन्न भयो।

सभाले विश्वविद्यालयका उपकुलपति प्रा.डा. प्रेमनारायण अर्यालद्वारा प्रस्तुत आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम एवम् रजिष्टार डा. दिपकबहादुर भण्डारीद्वारा प्रस्तुत आर्थिक वर्ष २०७९/०८० को लागि कुल १ अर्ब ४६ करोडको बजेट स्वीकृत गरेको छ।

स्वीकृत बजेटमा पूँजीगत खर्चतर्फ रू. ६४ करोड ३ लाख ५७ हजार र साधारण तर्फ जम्मा रू. ८१ करोड ९६ लाख ४३ हजार रहेको छ।

विश्वविद्यालयको सम्बन्धनप्राप्त महाविद्यालयहरुलाई बढीमा दुईवटा कार्यक्रम/समुह (सेक्सन) प्रतिस्थापन तथा थप गर्ने गरी महाविद्यालयहरुलाई संकाय विशिष्टिकरण गर्ने विश्वविद्यालयको नीतिलाई परिमार्जन गरी सम्बन्धित महाविद्यालय/कलेजहरुलाई स्वैच्छिक अवसर दिई सोको बाँकी प्रक्रिया अगाडि बढाउन स्वीकृति प्रदान गरेको छ। साथै दश वर्षदेखि रोकिएको नयाँ महाविद्यालयहरूको सम्बन्धन प्रक्रियालाई समेत सभाले खुला गर्ने नीति अवलम्बन गरेको छ र मौजुदा सम्बन्धन शुल्कमा समेत परिवर्तन भएको छ।

त्यसै गरी सभाले विशेष मौका परीक्षाको व्यवस्था गर्न स्वीकृति प्रदान गर्दै विशेष मौका परीक्षामा सहभागी विश्वविद्यालयको १८ औं साधारण सभाको वैठकबाट भएको निर्णय बमोजिम विद्यार्थीको योग्यता, विद्यार्थीका सीमा, सर्त र परीक्षा सञ्चालनका विधि र प्रकृयाहरु अवलम्बन गर्नु पर्ने व्यवस्था गरेको छ।

आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रममा विश्वविद्यालयले भौतिक निर्माण र पूर्वाधार विकासमा जोड दिएको छ। जसमध्ये सञ्चालन हुन लागेको पोखरा विश्वविद्यालय शिक्षण अस्पतालका साथै केन्द्रीय कार्यालय प्रशानिक भवनमा दुई तला थप, परीक्षा नियन्त्रण कार्यालयको लागि थप भवन निर्माण, मुँसेटुडामा रहेको जग्गाको विस्तृत गुरू योजना अनुसार ५ हजार विद्यार्थी पठनपाठन गर्ने क्षमताका प्राज्ञिक भवन तथा शैक्षिक भवन निर्माण र तिनलाई चाहिने आवश्यक पूर्वाधार निर्माणको गुरू योजनाको लागि बजेट विनियोजन रहेको छ।

२२ औं सभाले स्वीकृत गरेबमोजिम यसै शैक्षिकसत्रदेखि मानविकी




तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत कानुन विषयमा Bachelor of Arts - Bachelor of Laws (BA LLB) कार्यक्रम र शिक्षा विषयमा Post Graduate Diploma in Pedagogical Science (PGDPS) कार्यक्रम, स्वास्थ्य विज्ञान सङ्कायअन्तर्गत BSc Medical Imaging Technology (BSc MIT) कार्यक्रम, विज्ञान तथा प्रविधि सङ्कायअन्तर्गत PhD in Engineering कार्यक्रम र MSc Sanitary Engineeing कार्यक्रम, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत PhD in Development Studies तथा व्यवस्थापन सङ्कायअन्तर्गत PhD in Management कार्यक्रम सञ्चालन गर्ने भएको छ।

विश्वविद्यालयले सरकारको नीति अनुरूप मेडिकल कलेजको सञ्चालन प्रक्रिया अगाडि बढाउने छ। साथै विभिन्न सङ्कायमा सञ्चालित स्नातक र स्नातकोत्तर तहका आङगिक कार्यक्रमहरूको सबलीकरण हेतु सरकार, सरोकारवाला एवम् स्थानीय निकायको सहभागितामा भूगोलको विशेषता र सम्भाव्यताको अध्ययन गरेर देशका ७ वटै प्रदेशमा आवश्यकता अनुसार आङ्गिक महाविद्यालयहरूको विस्तार गर्ने भएको छ।

यसै गरी पोखरा विश्वविद्यालयका सम्बन्धनप्राप्त महाविद्यालयहरूलाई आवश्यकता अनुसार सामूदायिक तथा निजी महाविद्यालयको रूपमा वर्गीकरण गरिनेछ र सामूदायिक महाविद्यालयको सञ्चालनलाई स्थानीय सरकार र संघसंस्थाको सहयोगमा मुनाफारहित महाविद्यालयको रूपमा व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ। पोखरा विश्वविद्यालयले दिने छात्रवृत्तिलाई सरकारले अवलम्बन गरेको नीति अनुरूप योग्यता र समावेशिताका आधारमा वर्गीकरण गरी छात्रवृत्ति प्रदान गर्ने आधार निर्माण भएको छ।

# पोखरा विश्वविद्यालय सभाको २२ औं बैठकमा सम्मानित प्रधानमन्त्री तथा पोखरा विश्वविद्यालयका कुलपति एवम् पो.वि. सभाका अध्यक्ष शेरबहादुर देउवाज्यूको मन्तव्य

**पोखरा विश्वविद्यालयको २२ औं सभामा उपस्थित हुनुभएका विश्वविद्यालय उपकुलपति एवम् रजिष्ट्रारज्यू एवम् पोखरा विश्वविद्यालयका सम्पूर्ण सभासद्ज्यूहरू,**

पोखरा विश्वविद्यालयको कुलपतिको हैसियतले २२ औं सभालाई सम्बोधन गर्न पाउँदा अत्यन्त गौरवको अनुभूति भइरहेको छ। यस अवसरमा पोखरा विश्वविद्यालयको आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट एवम् नीति तथा कार्यक्रममा उपस्थित भई आफ्ना सारगर्भित भनाईहरू राख्नुहुने सभासद्ज्यूलाई हार्दिक धन्यवाद् दिन चाहन्छु।

पोखरा विश्वविद्यालय मुलुककै उच्चशिक्षाको एउटा गहना हो। समाजलाई समुन्नत बनाउन र मुलुकलाई विकासको पथमा अगाडि बढाउन यस विश्वविद्यालयले अघि सारेका कार्यक्रम र रणनीतिले हामीलाई उत्साहित बनाउँदै लगेको छ। त्यसैले यो मुलुकमा शैक्षिक ज्योति फैलाउने एउटा आशा र भरोसाको केन्द्र हो भन्ने मैले बुझेको छु।

मुलुकमा दिगो शान्ति र राजनीतिक स्थायित्व कायम नभएसम्म विकासले गति लिन सक्दैन। यसको लागि विश्वविद्यालयहरूको भूमिका एकदमै महत्वपूर्ण हुन्छ। दक्ष जनशक्ति उत्पादन गरी शिक्षित बेरोजगार अन्त्य गर्ने संस्था भनेका विश्वविद्यालयहरू नै हुन। त्यसैले यी विश्वविद्यालयहरूले अगाडि सारेका जनमुखी र बजारमुखी कार्यक्रममलाई सबैले एकढिक्का भएर साथ दिनु आवश्यक छ। शैक्षिक क्षेत्र अस्तव्यस्त र दिशाहीन बनेमा यसको घाटा भनेको तपाई हामी र मुलुकलाई नै हो। त्यसैले सकारात्मक सोच लिएर विश्वविद्यालयको विकास र विस्तारमा सबैले साथ सहयोग गरौं। विश्वविद्यालयले पनि स्थानीय सरकार, महानगरपालिकहरूसँग समन्वय गरी अगाडि बढ्न सकेमा यसले थप गति लिन सक्नेछ भन्ने मैले विश्वास लिएको छु।

अन्त्यमा, उच्चशिक्षालाई देशको आवश्यकतामुखी, रोजगार मुखी, व्यवहारिक, गुणस्तरीय र विश्वका उत्कृष्ट विश्वविद्यालयका समकक्ष बनाउन सरकार दृढ संकल्पित छ। पोखरा विश्वविद्यालयले अघि सारेका रणनीतिक योजना र लक्ष्यहरूलाई अझबढी परिष्कृत र व्यावहारिक तुल्याउने कार्यमा सरकारले हरतरहले सहयोग गर्नेछ। विश्वविद्यालयहरूलाई ज्ञान र विज्ञानको अध्ययन, अनुसन्धान र विकासको तपोभूमि बनाउनु पर्दछ। परीक्षा प्रणालीलाई नियमित गर्ने, विश्वविद्यालयमा सुशासन कायम गर्ने, आफ्ना शैक्षिक संस्थाहरूलाई सबलीकरण गर्ने तथा शैक्षिक क्षेत्रमा देखिने विसंगतीको अन्त्य गर्दै शिक्षामा गुणस्तर अभिवृद्धि गर्ने कार्यमा सरकारले पूर्ण सहयोग गर्ने प्रतिबद्धता जाहेर गर्दै आजको यस गरिमामय सभा अन्त्य गर्दछु।

धन्यवाद्।

२०७९ साल असार १४ गते।



# पोखरा विश्वविद्यालय सभाको २२ औं बैठकमा उपकुलपति प्रा. डा. प्रेमनारायण अर्यालज्यूको स्वागत तथा नीतिगत मन्तव्य

**पोखरा विश्वविद्यालय सभाका अध्यक्ष एवम् कुलपति सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यू, सह–कुलपति माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलज्यू, विश्वविद्यालय अनुदान आयोगका अध्यक्षज्यू लगायत विद्वान सभासद्ज्यूहरू,**

पोखरा विश्वविद्यालय सभाको २२ औं गरिमामय बैठकमा कुलपति सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीज्यू एवम् सभाका सम्पूर्ण विद्वान सभासद्ज्यूहरूमा हार्दिक स्वागत अभिवादन गर्दछु।

आजको यस गरिमामय सभाको बैठकमा विश्वविद्यालयको आर्थिक वर्ष २०७७/०७८ को प्रगति समिक्षा र आय-व्ययको यथार्थ विवरण, आर्थिक वर्ष २०७८/०७९ को प्रगति समिक्षा र आय-व्ययको संशोधित अनुमान तथा आर्थिक वर्ष २०७९/०८० को प्रस्तावित बजेट विश्वविद्यालयका रजिष्ट्रारज्यूले प्रस्तुत गर्नुहुनेछ। साथै सम्मानित आजको यस गरिमामय बैठकमा पोखरा विश्वविद्यालय सभाको २१ औं बैठकले पारित गरेका प्रमुख कार्यक्रमहरूको प्रगति समिक्षा र यस विश्वविद्यालयले आर्थिक वर्ष २०७९/०८० मा तय गरेका नीति तथा कार्यक्रम छोटो रूपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**सभाका सम्माननीय अध्यक्षज्यू एवम् विद्वान सभासद्ज्यूहरू,**

पोखरा विश्वविद्यालय स्थापना भएको २५ वर्ष पुरा हुँदैछ। यस पावन घडिमा हामी विविध कार्यक्रम मार्फत रजत जयन्ती मनाइरहेका छौं। रजत जयन्ती मनाइरहँदा विगतलाई समिक्षा गर्दै, अनुभवका आधारमा विश्वविद्यालयको भावी सुन्दर योजना बनाएर अगाडि बढ्न हामी सबैलाई थप प्रेरणा मिल्ने विश्वास लिएका छौं। यस परिप्रेक्ष्यमा विश्वविद्यालयको अबको नीति, योजना, कार्यक्रम, रणनीति कस्तो हुने भन्ने विषयमा सरोकारवालासहितको वृहत छलफल र अन्तरक्रिया जरूरी रहेको हामीले महसूस गरेका छौं। यस अवसरमा विश्वविद्यालयको स्थापना, विकास र विस्तारमा योगदान तथा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूमा आजको यस बैठकमार्फत हार्दिक बधाई तथा कृतज्ञता जाहेर गर्दछु।

विगतलाई समिक्षा गर्दै गर्दा सर्वसाधारणमा पहुँच पुग्नेगरी गुणस्तरीय उच्चशिक्षा प्रदान गर्ने र मुलुकको सर्वाङ्गिण विकासमा दक्ष जनशक्ति आपूर्तिलाई सुनिश्चित गर्ने दिशामा विश्वविद्यालयले हासिल गरेको अब्बल स्थानलाई आजको यस गरिमामय बैठकमा उद्धृत गर्दा हामी निकै गौरवान्वित र खुशी छौं। मुलुकले जुन उद्देश्य लिएर यो विश्वविद्यालय स्थापना गरेको थियो, नेपाली जनताले जुन इच्छा र भरोसासहित विश्वविद्यालयमा लगानी गरेका थिए, त्यसको महत्व र छविलाई बचाई राख्न हामीबाट अधिकतम पहल हुने विश्वास समेत यस सम्मानित सभामा दिलाउन चाहन्छु।

विश्वविद्यालय सञ्चालनको प्रमुख मार्गचित्र (Road Map) भनेको यसले तय गरेको पञ्चवर्षीय रणनीतिक योजना (Strategic Plan) नै हो। रणनीतिक योजना अनुसार नै विश्वविद्यालयले गुणस्तरीय शिक्षाका प्रमुख मापनयन्त्रका रूपमा रहेका पठनपाठनदेखि लिएर परीक्षा सञ्चालन, पूर्वाधार विकास, पाठ्यक्रम निर्माण र सञ्चालन, नवप्रर्वतन तथा अनुसन्धानमुखी कार्य, चुस्त दुरूस्त प्रशासन संयन्त्र लगायत राष्ट्रिय अन्तर्राष्ट्रिय सम्बन्ध एवम् सामाजिक उत्तरदायित्वलाई हासिल गर्ने सामर्थ्यको विकास र पहुँच अभिवृद्धिका कार्यहरू भइरहेका छन्। यसका साथै शैक्षिक एवम् प्रशासनिक क्रियाकलापलाई गुणस्तरीय, सेवामुखी र परिणाममुखी तुल्याउनका लागि आवश्यक नीति निर्माण, परिमार्जन र संशोधन, आन्तरिक पदपूर्ति, दक्षता अभिवृद्धि, गुणस्तर सुनिश्चिता तथा प्रत्यायन (Quality Assurance and Accreditation-QAA) को कार्यान्वयन, महाविद्यालयहरूको अनुगमन र निरीक्षणलाई समेत प्रभावकारी कार्यान्वयन गरिएको व्यहोरा सम्मानित सभासमक्ष राख्न चाहन्छु।

**सभाका सम्माननीय अध्यक्षज्यू एवम् विद्वान सभासद्ज्यूहरू,**

अब म पोखरा विश्वविश्वविद्यालयले आर्थिक वर्ष २०७९/०८० का लागि तय गरेका नीति तथा कार्यक्रमहरूको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु:

१) पोखरा विश्वविद्यालयको सम्बन्धनप्राप्त महाविद्यालयहरूको स्थायित्व, स्तरोन्नति र विकासका लागि सङ्काय विशिष्टिकरण नीतिलाई सभाको मार्ग निर्देशन अनुसार परिमार्जन गरिनेछ।

२) पोखरा विश्वविद्यालयको ऐनको प्रस्तावनामा निजी क्षेत्रलाई अधिकाधिक समेट्ने गरी विश्वविद्यालय सञ्चालन गर्न जोड दिएकोले नयाँ महाविद्यालयहरूको सम्बन्धन प्रक्रियालाई सभाको मार्ग निर्देशन अनुसार खुला गरिनेछ।

३) पोखरा विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत कानुन विषयमा Bachelor of Arts - Bachelor of Laws (BA LLB) कार्यक्रम र शिक्षा विषयमा Post Graduate Diploma in Pedagogical Science (PGDPS) कार्यक्रम, स्वास्थ्य विज्ञान सङ्कायअन्तर्गत BSc Medical Imaging Technology (BSc MIT) कार्यक्रम, विज्ञान तथा प्रविधि सङ्कायअन्तर्गत PhD in Engineering कार्यक्रम र MSc Sanitary Engineeing कार्यक्रम, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत PhD in Development Studies तथा व्यवस्थापन सङ्कायअन्तर्गत PhD in Management कार्यक्रम सञ्चालन गरिनेछ।

४) प्राविधिक, उत्पादन र बजारमुखी कार्यक्रमहरूको नयाँ पाठ्यक्रम निर्माण तथा विभिन्न विधामा सञ्चालन भइरहेका कार्यक्रमहरूलाई समयसापेक्ष परिमार्जन गरिनेछ।

५) पोखरा विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको वृत्ति विकास अझ बढी ध्यान दिँदै विद्यार्थीहरूको अध्ययन क्रियाकलापलाई समेत प्रभावकारी तुल्याई उत्तीर्ण प्रतिशत दर बढाइनेछ।

६) पोखरा विश्वविद्यालयको मौजुदा छात्रावास परिमार्जन गरी निर्माण हुन लागेको १०० शैयाको पोखरा विश्वविद्यालय शिक्षण अस्पतालको सञ्चालन प्रक्रियालाई आवश्यक जनशक्ति र उपकरणको व्यवस्था गरी यथासिघ्र सञ्चालनमा ल्याइने छ। साथै सरकारको नीति अनुरूप मेडिकल कलेजको सञ्चालन प्रक्रिया अगाडि बढाइनेछ।

७) विभिन्न सङ्कायमा सञ्चालित स्नातक र स्नातकोत्तर तहका आङगिक कार्यक्रमहरूको सबलीकरण हेतु सरकार, सरोकारवाला एवम् स्थानीय निकायको सहभागितामा भूगोलको विशेषता र सम्भाव्यताको अध्ययन गरेर देशका ७ वटै प्रदशमा आवश्यकता अनुसार आङ्गिक महाविद्यालयहरूको विस्तार गरिने छ।

८) पोखरा विश्वविद्यालयका सम्बन्धनप्राप्त महाविद्यालयहरूलाई आवश्यकता अनुसार सामूदायिक तथा निजी महाविद्यालयको रूपमा वर्गीकरण गरिनेछ र सामूदायिक महाविद्यालयको सञ्चालनलाई स्थानीय सरकार र संघसंस्थाको सहयोगमा मुनाफारहित महाविद्यालयको रूपमा व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ।

९) पोखरा विश्वविद्यालयले दिने छात्रवृत्तिलाई सरकारले अवलम्बन गरेको नीति अनुरूप योग्यता र समावेशिताका आधारमा वर्गीकरण गरी छात्रवृत्ति प्रदान गर्ने आधार निर्माण गरिनेछ।

**सभाका सम्माननीयक अध्यक्षज्यू एवम् विद्वान सभासद्ज्यूहरू,**

शिक्षा देश विकासको मूल आधार हो। सीपमूलक, वैज्ञानिक, व्यावहारिक तथा गुणस्तरीय शिक्षा समृद्ध राष्ट्र निर्माणको प्रमुख आधारशीला हो। देशमा सुशासन, समृद्धि, दिगो शान्ति र विकासमा शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। तसर्थ राष्ट्रको लागि शिक्षित, दक्ष र सीपयुक्त जमात उत्पादन गर्ने प्रमुख थलो भनेको विश्वविद्यालय नै हो। सरकारले विश्वविद्यालय शिक्षामा यथेष्ट ध्यान दिँदै लगानी मैत्री वातावरण तयार गर्न सकेमा देशको सर्वाङ्गिण विकास प्रक्रियामा सहयोग मिल्नेमा दुईमत छैन। आजको यस सम्मानित सभामा आर्थिक वर्ष २०७९/०८० को प्रस्तुत नीति तथा कार्यक्रम र बजेटले पोखरा विश्वविद्यालयको समग्र प्राज्ञिक उन्नयन र विकासलाई प्रमुख आधार तुल्याएकोले सो पारित हुनेमा हामी आशाबादी रहेको सम्मानित सभासमक्ष निवेदन गर्दछु।

अन्त्यमा, पोखरा विश्वविद्यालयको सुदृढीकरणमा प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा सहयोग, सहकार्य र सुझाव प्रदान गर्ने नेपाल सरकार, विश्वविद्यालय अनुदान आयोग, पोखरा विश्वविद्यालयका आङ्गिक, संयुक्त आङ्गिक तथा सम्बन्धनप्राप्त महाविद्यालयहरू, दातृराष्ट्र एवम् संघ-संस्था, स्वदेशी विश्वविद्यालयहरू, पोखरा विश्वविद्यालयका शिक्षक, कर्मचारी, विद्यार्थी तथा पूर्व पदाधिकारीहरू लगायत सरोकारवाला सम्पूर्णमा हार्दिक धन्यवादसहित अभिवादन व्यक्त गर्दछु। साथै पोखरा विश्वविद्यालयको उन्नयनका लागि अनवरत क्रियाशील संघ-संस्था, उद्योगपति, व्यापारी, नागरिक समाज, शिक्षाप्रेमी, बुद्धिजीवी, राजनीतिक दलहरू सबैमा सहयोग र सद् भावको अपेक्षासहित हार्दिकतापूर्वक धन्यवाद व्यक्त गर्दछु। यसैगरी विश्वविद्यालय सभाको २२ औं बैठकमा अमूल्य समय दिनुहुने कुलपति सम्माननीय प्रधानमन्त्रीज्यू, बैठकमा पाल्नुभएका सह-कुलपति माननीय शिक्षामन्त्रीज्यू एवम् सभासद्ज्यूहरूबाट विश्वविद्यालयप्रति आवश्यक सुझाव तथा निर्देशन प्राप्त हुने आशासहित पुनः एक पटक हार्दिकतापूर्वक कृतज्ञता जाहेर गर्दछु।

धन्यवाद्

२०७९ असार १४ गते मङ्गलबार।



# पोखरा विश्वविद्यालय सभाको २२ औं बैठकमा रजिष्ट्रार डा. दिपक बहादुर भण्डारीज्यूबाट प्रस्तुत आ.व. २०७७/०७८ को वास्तविक, आ.व. २०७८/०७९ को संशोधित अनुमान र आ.व. २०७९/०८० को प्रस्तावित आय-व्यय/बजेट

**पोखरा विश्वविद्यालय सभाका अध्यक्ष, कुलपति एवम् सम्मानीय प्रधानमन्त्रीज्यू, सह-कुलपति एवम् माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीज्यू, श्रीमान् उप-कुलपतिज्यू, विश्वविद्यालय अनुदान आयोगका अध्यक्षज्यू, एवम् विद्वान् सभासद्ज्यूहरू । पोखरा विश्वविद्यालयको यस गरीमामय सभाको २२औं बैठकमा उपस्थित हुनु भएका सम्पूर्ण विद्वान् सभासद्ज्यूहरूलाई म हार्दिक स्वागत गर्दछु।**

**अध्यक्ष महोदय एवम् विद्वान् सभासद्ज्यूहरू,**

अब म यस सम्मानित सभामा चालु आ.व. २०७८/०७९ मा विश्वविद्यालयले हासिल गरेका प्रगतिका बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु।

कोभिड १९ को माहामारीले प्रभावित भएका प्राज्ञिक एबम् शैक्षिक कार्यहरूलाई क्रमसः सुधारोन्मुख गतिमा ल्याई, सञ्चालित कार्यक्रमलाई निरन्तरता दिइएकोछ । शैक्षिक कार्यक्रम थप र विस्तार गरिएका छन्। गुणस्तर सुधारमा जोड दिएको छ। विश्वविद्यालयमा समय सापेक्ष अनुसन्धान, पाठ्यक्रम निर्माण र परिमार्जन, राष्ट्रिय एवमं अन्तराष्ट्रिय क्षेत्रमा सम्बन्ध विस्तार, समझदारी (MoU) भएका छन्। यस्ता कार्यले सम्वन्धित सबैमा फाइदा पुगेको विश्वास लिएको छु।

विश्वविद्यालयको प्रशासनिक संरचनामा सुधार गरिएको छ । जनशक्ति व्यवस्थापनतर्फ शिक्षक तथा कर्मचारीहरूको आन्तरिक तथा खुल्ला प्रतियोगिताबाट पद पूर्ति गर्न सेवा आयोगले विज्ञापन गरी पद पूर्ति कार्य अगाडि बढाइ सकेको छ। विश्वविद्यालय र कर्मचारी संचय कोष वीच अवकाश कोष व्यवस्थापन गर्न संझौता सम्पन्न भएको छ, अबकास हुने शिक्षक कर्मचारीहरूले उपदान, पेन्सन र योगदानमा आधारित अवकास सुविधाको रकम सञ्चयकोषबाट भुक्तानी पाउने छन्।

**अध्यक्ष महोदय एवम् विद्वान् सभासद्ज्यूहरू,**

विश्वविद्यालयका सबै संकायमा उच्च तहका शैक्षिक कार्यक्रम पिएचडी (Ph. D.) संचालन गर्न आबश्यक तयारी गरिएकोछ। आंगिक तथा सम्बन्धन प्राप्त शैक्षिक संस्थाहरूको अनुगमन, निरीक्षण, सुधार कार्यका साथै शैक्षिक कार्यक्रमको नविकरण प्रक्रिया अगाडि बढेको छ । विश्वविद्यालयमा पठन-पाठन, परीक्षा सञ्चालन, परीक्षाफल प्रकाशन र १७ औं दीक्षान्त समारोह सम्पन्न भएको थियो । विश्वविद्यालयले आबश्यकत्ता अनुसार शैक्षिक सामाग्री तथा उपकरण, पुस्तकालय तथा प्रयोगशाला सामाग्रीको व्यवस्था गरेकोछ । छात्रवृत्ति नीति अनुसार आंगिक स्कुलहरुमा २०% र सम्बन्धनप्राप्त कलेजहरुमा १०% विद्यार्थीहरुले छात्रवृत्ति पाई लाभान्वित भएका छन्।

स्कूलहरूलाई शैक्षिक गुणस्तर सुधारतर्फ जोड दिइएकोछ। स्कुल अफ विजिनेसले इन्स्टिच्यूसनल एक्रिडिएसन (Institutional Accrediation) प्राप्त गरेको छ। स्कूल अफ ईञ्जिनियरिङ्गमा एमई वायो इन्फरमेटिक (ME Bio Informatic) र स्कूल अफ हेल्थ एण्ड एलाइड साइन्सेसमा व्याचलर अफ नर्सिङ्ग साइन्स (Bachelor of Nursing Science_ थप कार्यक्रम संचालन गरिएको छ। अस्पताल संचालन गर्न आबश्यक जनशक्तिको ब्यबस्थापन र आबश्यक उपकरण खरीद कार्य भइरहेको छ। चालु बर्षबाट नै ओपिडि सेवा संचालन हुने ब्यहोरा सहर्ष जानकारी गराउँदछु। पोखरा विश्वविद्यालय शिक्षण संस्थाहरुको संघ (OPEN) को सहयोगमा करिब रु १२ करोडको लागतमा International Guest House, Research Center and Seminar Hall भवन निर्माणको चरणमा छ। २ बर्षभित्र निर्माण कार्य सम्पन्न गरी विश्वविद्यालयलाई हस्तान्तरण हुनेछ, यो सहयोगको उच्च कदर गर्दै OPEN लाई हार्दिक धन्यबाद ब्यक्त गर्दछु।

विश्वविद्यालयले छात्रावास भवनलाई सुधार गरी सोही हातामा थप निर्माण गरी १०० शैयाको शिक्षण अस्पताल ६ महिना भित्र निर्माण सम्पन्न गर्न ठेक्का संझौता भई निर्माण कार्य सुचारु रहेको छ। विश्वविद्यालयले मुँसेटुँडामा रहेको जग्गामा शैक्षिक कार्यक्रम संचालनका लागि Land Use Plan (Design and Supervision) तयार पार्न परामर्शदाता छनौट गरी संझौता भई प्रारम्भिक प्रतिबेदन प्राप्त भई सम्वन्धित उपयोग कर्ताहरुबाट शैक्षिक भवन तथा स्थान ब्यबस्थापनका लागि आबश्यक राय सुझाव दिने कार्य भैसकेको छ। विश्वविद्यालयको केन्द्रीय प्रशासनिक भवनमा तल्ला थप, गेट, पर्खाल लगायतका निर्माण कार्यका लागि ठेक्का आह्वान गरिसकिएको छ।

**अध्यक्ष महोदय एवम् विद्वान् सभासद्ज्यूहरू,**

अब म आ.व. २०७८/०७९ मा भएको आय-व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

विश्वविद्यालयको आ.व. २०७८/०७९ मा व्ययतर्फ जम्मा रू. ६१ करोड ७९ लाख ७७ हजार हुने संशोधित अनुमान छ जसमा पूँजीगततर्फ रू. ४ करोड ९ लाख ५८ हजार (७%) र साधारणतर्फ शिक्षक कर्मचारी तलव भत्ता खर्चमा रू. ३७ करोड ३३ लाख ८१ हजार (६०%) र सञ्चालन तर्फ रू २० करोड ३६ लाख ३८ हजार (३३%) खर्च हुने संशोधित अनुमान छ। त्यसैगरी आयतर्फ रू. ९७ करोड ४८ लाख ४७ हजार हुने संशोधित अनुमान रहेकोछ।

अब म आ.व.२०७९/०८० का लागि प्रस्तावित कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

विश्वविद्यालयले नेपाल सरकारको उच्च शिक्षासम्बन्धी नीति,

विश्वविद्यालयले अघि सारेको नीति तथा कार्यक्रम र सभाको मार्गदर्शनलाई प्राथमिकतामा राखी सञ्चालनमा ल्याएका कार्यक्रमहरूलाई निरन्तरता, शैक्षिक गुणस्तरमा अभिवृद्धि, व्यवस्थापकीय क्षमताको बिकास, शैक्षिक प्रशासनमा निरन्तर सुधार र नयाँ कार्यक्रम थप तथा विस्तार, भौतिक निर्माणतर्फ जोड, सुशासनलाई संस्थागत गर्दै स्रोत परिचालन तर्फ केन्द्रीत रही विश्वविद्यालयको कार्यक्रम तथा बजेट प्रस्तुत गरेकोछु।

पोखरा विश्वविद्यालयको शिक्षण अस्पताल संचालन गर्ने लामो समयदेखिको सपनाले आगामी बर्षबाट मुर्तरुप पाउने विश्वास दिलाउन चाहन्छु। शिक्षण अस्पताल निर्माण कार्य पुरा भएपछि उपकरण र जनशक्ति ब्यबस्थापन गरी पूर्णरुपमा संचालनमा ल्याइनेछ। शिक्षण अस्पताल संचालनमा आएपछि स्कूल अफ हेल्थ एण्ड एलाइड साइन्सेसका संचालित शैक्षिक कार्यक्रमका बिद्यार्थीहरुले आफ्नै अस्पतालबाट Hospital र Clinical र Lab Practice, Practical and Internship अदि कार्य गर्ने अवसर पाउने छन्, भने विश्वविद्यालयले शिक्षण अस्पतालको विस्तार गर्दै चिकित्साशास्त्रका शैक्षिक कार्यक्रम संचालन गर्दै लगिनेछ। शिक्षण अस्पतालको संचालन तथा विस्तारका लागि बजेट बिनियोजन गरेकोछु।

पोखरा विश्वविद्यालयका सबै संकायमा आगामी बर्षबाट विद्यावारिधि तहको कार्यक्रम संचालन गरिनेछ। स्कूल तथा कलेजहरुमा स्नातकोत्तर र स्नातक तहका नयाँ तथा थप शैक्षिक कार्यक्रमहरु संचालन गरिनेछ। आंगिक स्कूलहरु आवश्यकता अनुसार बिस्तार गर्दै लगिनेछ। विश्वविद्यालयले शिक्षक कर्मचारीलाई सिर्जनशिल बनाउन अध्ययन, तालिम, सेमिनार, गोष्ठीमा संलग्न गराइनेछ। विभिन्न विधामा कार्यपत्र प्रस्तुत गर्न र उच्च अध्ययनको अवसर दिईनेछ। सेवा आयोगबाट शिक्षक तथा कर्मचारीहरू आन्तरिक तथा खुल्ला प्रतियोगिताबाट पद पूर्ति हुनेछन्। शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारबाट बृद्धी भए अनुसार तलब समायोजन गर्न रकमको ब्यवस्था मिलाएकोछु।

विश्वविद्यालयमा अनुसन्धान, पाठ्यक्रम परिमार्जन, नयाँ पाठ्यक्रम निर्माण तथा राष्ट्रिय एवम् अन्तराष्ट्रिय क्षेत्रमा सम्बन्ध विस्तार कार्यलाई थप सुदृढ पारिनेछ। पठनपाठन, परीक्षा प्रणालीलाई अझ ब्यबस्थित बनाइने र सदा झैं दीक्षान्त समारोह आयोजना गरिनेछ। छात्रवृत्ति सम्बन्धी नीति अनुसार छात्रवृत्ति उपलब्ध गराईनेछ। विद्यार्थीहरुलाई पाठ्यक्रम अनुसार प्रयोगात्मक अभ्यास, अध्ययन तथा औद्योगिक भ्रमण गराइने र अतिरिक्त क्रियाकलापमा निरन्तर संलग्न गराइनेछ। स्कूलका प्रयोगशालाहरुमा शैक्षिक सामाग्री तथा उपकरण र विद्यार्थी फर्निचर, इन्टरनेट सेवा, आवश्यकता अनुसार पुस्तकका साथै ई-पुस्तक तथा जर्नलहरू थपिनेछ भने अनलाइन मार्फत ई-रिसोर्सको सुविधा मिलाईने छ। यसका लागि सम्बन्धित शिर्षकमा आवश्यक बजेट बिनियोजन गरेकोछु।

विश्वविद्यालयका सम्बन्धनप्राप्त कलेजहरुको शैक्षिक कार्यक्रम संचालन, पठनपाठन र उत्पादनमा महत्वपूर्ण योगदान रहेको छ। सम्बन्धनप्राप्त कलेजहरूको क्षमताका आधारमा स्वैच्छिक बिशिष्टिकरण, शैक्षिक कार्यक्रम तथा समूह थप गर्ने र अनुगमन, निरीक्षण गरी पठनपाठनको गुणस्तरमा सुधार गर्न अभिप्रेरित गरीनेछ।

विश्वविद्यालयले भौतिक पूर्वाधार र भवन निर्माण तर्फ पनि जोड दिएको छ। चालु बर्षमा शुरु गरिएको निर्माणाधिन शिक्षण अस्पतालको निर्माण सम्पन्न हुनेछ। केन्द्रीय कार्यालय प्रसाशनिक भवनमा तला थप निर्माण कार्य आगामी बर्ष सुरु गरी १५ महिनामा निर्माण सम्पन्न गरीनेछ। परीक्षा नियन्त्रण कार्यालयको लागि थप भवन निर्माण गर्न ड्इङ्ग, डिजाइन, लागत अनुमान तयार पारिनेछ। मुँसेटुडामा रहेको जग्गाको बिस्तृत गुरू योजना परामर्श दाताबाट प्राप्त भए पछि पहिला घोतघोते खोला नियन्त्रण गर्न आबस्यक भएकाले यस कार्यका लागि आबस्यक बजेट बिनियोजन गरेको छु। गुरू योजना अनुसार पाँच हजार विद्यार्थी पठनपाठन गर्न सक्ने क्षमताका प्राज्ञिक तथा शैक्षिक भवन निर्माण र तिनलाई चाहिने आवश्यक पूर्बाधार क्रमश विकास र निर्माण गरिदै लगिने छ। यसका लागि सम्बन्धित शिर्षकमा आवश्यक बजेट बिनियोजन गरेकोछु।

अब म आ.व.२०७९/०८० को संक्षिप्त प्रस्तावित आय-व्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

विश्वविद्यालयको आ.व. २०७९/०८० मा व्ययतर्फ रू. १ अर्ब ४६ करोड प्रस्ताव गरेकोछु। जसमा पूँजीगत खर्चतर्फ रू. ६४ करोड ३ लाख ५७ हजार (४४%) र साधारणतर्फः शिक्षक, कर्मचारी तलब भत्ता खर्चमा रू. ५१ करोड २६ लाख १ हजार (३५%) र सञ्चालनतर्फ रू. ३० करोड ७० लाख ४२ हजार (२१%) गरी साधारण खर्च तर्फः जम्मा रू. ८१ करोड ९६ लाख ४३ हजार (५६%) विनियोजन गरेकोछु।

आ.व. २०७९/०८० मा आयतर्फ रू. १ अर्ब ३३ करोड ५६ लाख ६५ हजार प्रस्ताव गरेकोछु। जसमा आङगिक कार्यक्रमबाट रू. ३० करोड ८२ लाख ८३ हजार (२१%), सम्बन्धन कार्यक्रमबाट रू. ४८ करोड १ लाख ९ हजार (३३%), विश्वविद्यालय अनुदान आयोग/नेपाल सरकार र अन्यबाट रू. ३२ करोड ९६ लाख ९६ हजार (२३%), ब्याज आयबाट रू १९ करोड ७ लाख ६० हजार (१३%) र विविध आयबाट रू. २ करोड ६८ लाख १७ हजार (२%) प्रस्ताव गरेकोछु। आयमा न्यून हुने रू १२ करोड ४३ लाख ३५ हजार (८%) स्रोत परिचालन तथा संचित बाट पूर्ति गरिनेछ।

**अध्यक्ष महोदय एवम् विद्वान् सभासद्ज्यूहरू,**

सभाले स्वीकृत गरेको नीति तथा कार्यक्रम र बजेटको सीमाभित्र रही आर्थिक अनुशासन पालन गरी मितव्ययी ढङ्गले बजेटको कार्यान्वयन गर्ने प्रतिबद्धताका साथ आ.व. २०७९/०८० को प्रस्तावित कार्यक्रम र बजेटलाई स्वीकृति प्रदान गर्न यस गरिनाय सभाका अध्यक्ष एवम सम्पूर्ण सभासद् महोदयहरूमा हार्दिक अनुरोध गर्दछु।

धन्यवाद्।

डा दिपक बहादुर भण्डारी

रजिष्ट्रार

# दिगो शहरहरूमा आजीवन शिक्षा प्रशिक्षण (Lifelong Learning (LLL) Training on Sustainable Cities) कार्यक्रम सम्पन्न




२०७९ साल असार १७ गते शुक्रबार, पोखरा-३०, कास्की।

पोखरा विश्वविद्यालयको रजत जयन्तीको अवसर पारेर "दिगो शहरहरूमा आजीवन शिक्षा" विषयमा एक हप्ते प्रशिक्षण तालीम सम्पन्न भयो। पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि सङ्कायको आयोजनामा र इजिइए तथा यूरोपियन यूनियनको इरास्मस प्लस प्रोग्रामको सहयोगमा यही २०७९ असार ११ गतेदेखि सञ्चालित उक्त कार्यक्रमको उद्घाटन राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. बिनायक भट्टराले गर्नु भएको थियो।

तालिममा पोखरा महानगरपालिका, जिल्ला प्राविधिक कार्यालय कास्की, भिमाद नगरपालिका, शक्ला गण्डकी नगरपालिका, ब्यास नगरपालिका, पोखरा विश्वविद्यालय स्कूल अफ ईञ्जिनियरिङ्ग, मध्य नेपाल नगरपालिका एवम् विभिन्न अनुसन्धान एवम् प्राविधिक परामर्शदाता इञ्जिनियर एवम् आर्किटेक्टहरू गरी २३ जनाको उपस्थिति थियो। कार्यक्रमका प्रमुख प्रशिक्षकहरूमा योजनाकार एवम् त्रिभुवन विश्वविद्यालय, पुल्चोक क्याम्पसका सह-प्रा. डा. सञ्जय उप्रेती, पोखरा विश्वविद्यालय स्कूल अफ ईञ्जिनियरिङ्गका उप-प्रा. एवम् विज्ञान तथा प्रविधि सङ्काय पोखरा विश्वविद्यालयका पूर्व डीन बुद्धिराज जोशी र योजनाकार वर्षा श्रेष्ठ हुनुहुन्थ्यो। प्रशिक्षण कार्यक्रम २ दिन भौतिक उपस्थिति र ५ दिन अनलाइन विधिबाट सञ्चालन भएको थियो।

प्रशिक्षण अवधिमा प्रशिक्षार्थीहरूलाई सहरी परिभाषा, सहरी योजनाको परिचय, क्षेत्रीय योजना, दिगो विकासको अवधारणा, लक्ष्य, उद्देश्यका बारेमा प्रस्तुति दिइएको थियो। यसका साथै सहरीकरण, सहरी वृद्धि प्रवृत्ति र चुनौतीहरू, सहरीकरणको विश्वव्यापी र क्षेत्रीय सन्दर्भ, दिगो शहर र प्रकारहरू, कम कार्बन सिटी/हरित सहर/स्मार्ट सिटी, दिगो भूमि प्रयोग, पानी, यातायात, फोहोर, हरियो भवन/आवासको सन्दर्भमा समेत प्रशिक्षार्थीहरूलाई प्रस्तुतिकरण गरिएको थियो। नेपालमा दिगो सहर योजना, दृष्टिकोण, दिगो भूमि प्रयोग, ल्याण्ड पूलिङ, दिगो पानी, आपूर्ति, फोहोर व्यवस्थापन र आवासका आधारभूत तथ्यहरूको अवस्थालाई समेत प्रशिक्षणमा प्रस्तुति गरिएको थियो।

कार्यक्रमको समापन समारोहमा पोखरा विश्वविद्यालयका रजिष्ट्रार सह-प्रा. डा. दिपकबहादुर भण्डारी, पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि सङ्कायका डीन सह-प्रा. राजेशकुमार ठगुराठी, पोखरा विश्वविद्यालय स्कूल अफ ईञ्जिनियरिङ्गका स्कूल निर्देशक उप-प्रा. ओम प्रकाश गिरी, स्कूल अफ ईञ्जिनियरिङ्ग, पोखरा विश्वविद्यालयका उप-प्राध्यापक एवम् पूर्व स्कूल निर्देशक ई. अर्जुन गौतम, योजनाकार एवम् त्रिभुवन विश्वविद्यालय, पुल्चोक क्याम्पसका सह-प्रा. डा. सञ्जय उप्रेती, नेपाल ईञ्जिनियरिङ्ग एसोसिएशनका गण्डकी प्रदेश सदस्य ई. रविन्द्र लाल मुल र प्रशिक्षार्थी कृष्ण घिमिरेले कार्यक्रमको महत्वका बारेमा प्रकाश पार्नुभएको थियो।

# Cliamte Change: Causes, Impact and Economic Academic Instruments for Mitication सम्बन्धी कार्यक्रम सञ्चालन

२०७९ साल असार १७ गते शुक्रबार, पोखरा-३०, कास्की ।

पोखरा विश्वविद्यालय अनुसन्धान केन्द्रको सक्रियतामा जलवायु परिवर्तनः कारणहरू, प्रभावहरू र न्यूनिकरणका लागि आर्थिक साधनहरू विषयमा सेमिनार सम्पन्न भएको छ । उक्त सेमिनारका प्रमुख वक्ता डा. गोविन्द राज तिमिल्सिना हुनुहुन्थ्यो । उहाँ विश्व बैंक, वाशिङ्टन, डिसीको विकास अनुसन्धान समूहका वरिष्ठ अनुसन्धान अर्थशास्त्री हुनुहुन्छ ।

सेमिनारमा पृथ्वीमा बढ्दै गएको तापमानले कसरी जलवायु परिवर्तन गरेको छ भन्ने विषयमा व्याख्या भयो । विश्वमा बढ्दै गएको जनसंख्याले हरितगृह ग्याँस उत्सर्जन र जलवायु परिवर्तनमा ठूलो योगदान पुऱ्याएको देखिन्छ । मानवीय क्रियाकलापका कारण वनजङ्लको विनाश, कोइला, खनिजजन्य इन्धनको अत्याधिक प्रयोग, औद्योगिकरण आदिमा वृद्धि हुँदै गएको छ र यसले मिथेन, नाइट्रस अक्साइड, कार्बन डाइअक्साइडजस्ता हरित गृह ग्याँस र ओजन तह विनास गर्ने क्लोरोफोरो कार्बन जस्ता अन्य विषाक्त ग्याँसको उत्सर्जन दिन प्रतिदिन वायुमण्डलमा बढ्दै गइरहेको छ ।

विषाक्त ग्याँस उत्सर्जनका कारण परावर्तित विकिरणहरू वायुमण्डलमै रोकिनाले पृथ्वीको तामक्रममा क्रमिक वृद्धि भइरहेको छ । जलवायु परिवर्तनले समाज, अर्थव्यवस्था र पारिस्थितिक प्रणाली (इकोसिस्टम) को सन्तुलनलाई अस्थिर तुल्याइ दिएको छ । जसले प्राकृतिक विपत्ति, जैविक विविधतामा ह्रास, मानव स्वास्थ्यमा जोखिम सिर्जना गरेको छ । हरित गृह ग्याँस उत्सर्जनको लागि चीन, संयुक्त राज्य अमेरिका, भारत, रसिया, जापान, जर्मनी, ईरान, दक्षिण कोरिया, साउदी अरेयिबा, इन्डोनेसिया आदि देश प्रमुख जिम्मेवार देखिन्छन् ।



सेमिनारमा जलवायु परिवर्तनलाई अनुकूलनसहित न्यूनीकरण गर्न सिओटू उत्सर्जन कम गर्न कार्बनको मूल्य निर्धारणसम्बन्धी विभिन्न नीति र उपायहरूको प्रस्तुतिकरण भयो । नेपालमा स्वदेशी रूपमा उत्पादित जलविद्युतसँग आयातित जीवाश्म इन्धनलाई प्रतिस्थापन गर्न कार्बन कर एक साधन हुनसक्ने विषयमा समेत छलफल र प्रस्तुतिकरण भएको थियो ।

सेमिनार गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान जिपास्ट र पोखरा यूनिभर्सिटी काउन्सिल अफ म्यानेजमेन्ट स्टुडेन्ट्स, स्कूल अफ बिजनेससँगको सहकार्यमा आयोजना भएको हो । पोखरा विश्वविद्यालय अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक, सह-प्राध्यापक डा. नमराज धामीले कार्यक्रमको उपादेयता र महत्वका बारेमा प्रकाश पार्नु भएको थियो ।

---

# ईलेक्ट्रिकल जर्नलसम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न

२०७९ असार ११ गते, शनिबार, पोखरा-३०, कास्की ।

रजत जयन्तीको पावन अवसरमा पोखरा विश्वविद्यालयद्धारा २ दिने कार्यशाला गोष्ठी Workshop on Electronic journal publication and NepJOL मिति २०७९।०३।१० र ११ गतेसम्म सञ्चालन भयो । । उक्त कार्यशाला गोष्टीको विश्वविद्यालयका उपकुलपति एवम् प्रमुख अथिति प्रा. डा. प्रेम नारायण अर्यालले पानसमा बत्ती बाली समुद्घाटन भयो ।

सो अवसरमा उपकुलपतिज्यूले विश्वविद्यालयमा खोज अनुसन्धानमा जोड दिनु पर्ने र सो को लागि इलेक्ट्रोनिक जर्नलको महत्व रहेको कुरा दर्शाउनु भयो। उक्त कार्यशाला गोष्ठीमा विश्वविद्यालयका आङ्गिक तथा पोखरामा रहेका सम्बन्धनप्राप्त कलेजका प्राध्यापकहरु गरी करिब ३० जनाको सहभागिता रहेको थियो भने सो कार्यशाला गोष्ठीमा सहजकर्ताको रुपमा त्रिभुवन विश्वविद्यालयका सह-प्रा. डा. मन बहादुर खत्रीले भूमिका निर्वाह गर्नु भएको थियो ।



# उपकुलपतिद्वारा अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्र तथा आवास गृह शिलान्यास

२०७८ साल असोज २२ गते शुक्रबार, पोखरा-३०, कास्की ।

पोखरा विश्वविद्यालयका उपकुलपति प्रा. डा. प्रेमनारायण अर्यालले पोखरा विश्वविद्यालय प्राङ्गणमा निर्माण हुन लागेको अन्तर्राष्टियस्तरको अनुसन्धान केन्द्र तथा आवास गृहको एक समारोहबीच शिलन्यास गर्नुभयो ।

अंग्रेजीमा 'ओपन इन्टरनेशनल रिसर्च सेन्टर एण्ड गेष्ट हाउस' नामाकरण दिइएको उक्त भवन पोखरा विश्वविद्यालय शिक्षण संस्थाहरूको संघ, नेपाल (ओपन) ले पोखरा विश्वविद्यालय २५ औं वर्ष पुगेको उपलक्ष्यमा मनाउन गइरहेको रजतजयन्तीको अवसरमा पोखरा विश्वविद्यालयसँग सहकार्य गरी निर्माण गर्न लागेको हो ।




करिब १२ करोडको लगानीमा निर्माण हुने उक्त भवन विश्वविद्यालयको प्राङ्गण लेखनाथमा अवस्थित ११४ रोपनी प्लटको डि ब्लकमा निर्माण हुनेछ । करिब चारहजार वर्गफिट प्रतितलाका दरले सम्पूर्ण पूर्वाधारसहित चारतले भवन निर्माण सम्पन्न गरी दुई वर्षभित्र पोखरा विश्वविद्यालयलाई पूर्णरूपमा हस्तान्तरण गर्ने कार्य योजना छ । भवनमा सबै गरेर सुविधा सुविधा सम्पन्न ३३ ओटा कोठा, हल हुनेछन् ।

शिलान्यासपछिको कार्यक्रमलाई पोखरा विश्वविद्यालय उकपुलपति प्रा.डा. प्रेमनारायण अर्याल, रजिष्ट्रार डा. दिपकबहादुर भण्डारी, पोखरा विश्वविद्यालय व्यवस्थापन संकाय डीन डा. दयाराज ढकाल, ओपनका अध्यक्ष एवम् नोबेल कलेजका संस्थापक, प्राचार्य नवराज पाण्डे, अक्सफोर्ड कलेज अफ ईञ्जिनियरिङ्ग एण्ड म्यानेजमेन्टका संस्थापक, प्राचार्य तथा भवन निर्माण समितिका संयोजक ई. हरि भण्डारी, लेखनाथ नगरपालिकाका पूर्व मेयर विष्णु पोखरेल, पोखरा महानगरपालिका वडा नं. ३० का वडा अध्यक्ष श्रीराम पोखरेल र विश्वविद्यालयका कामु उपप्रशासक रोशन पाण्डेले बोल्नुभएको थियो ।

पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त ५८ ओटा कलेजहरूले अन्तर्राष्टियस्तरको अनुसन्धान केन्द्र तथा आवास गृह निर्माण गर्न लागेका हुन् ।

# Personal Transformation in a Rapidly Changing Word सम्बन्धी प्रशिक्षात्मक कार्यक्रम




२०७९ असार १९ गते आइतबार, पोखरा-३०, कास्की ।

पोखरा विश्वविद्यालयले रजत जयन्तीको अवसरमा सम्बन्धी प्रशिक्षात्मक कार्यक्रम आयोजना गऱ्यो । पोखरा विश्वविद्यालय केन्द्रीय पुस्तकालयमा आयोजित उक्त कार्यक्रमको प्रमुख प्रशिक्षकमा आध्यात्मिक गुरू डा. चिन्तामणि नाथ योगि तथा आध्यात्मिक चिन्तक एवम् वैज्ञानिक प्रा.डा. बिशाल कुमार सिटौला हुनुहुन्थ्यो । प्रशिक्षात्मक कार्यक्रममा पोखरा विश्वविद्यालयका उपकुलपति प्रा.डा. प्रेमनारायण अर्याल, रजिष्ट्रार सह-प्रा. डा. दिपक बहादुर भण्डारी, पोखरा विश्वविद्यालय योजना तथा कार्यक्रम महाशाखा प्रमुख सह-प्रा.डा. दिपकराज पौडेल, पोखरा विश्वविद्यालय अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक सह-प्रा.डा. नमराज धामीले आ-आफ्ना मन्तव्य राख्नुभएको थियो ।

# SUMMARY OF PROJECTS

| | | |
|---|---|---|
| **A.** | **Construction Of Engineering Block (Puidp-Vi) : Handover** | |
| 1. | Name Of Contractor | Gorkha Construction Company Nepal Pvt. Ltd., Kathmandu. |
| 2. | Name Of Consultant | Consultancy Services, School Of Engineering, Pokhara Unversity. |
| 3. | Contract No | Puidp-Vi/066-67 |
| 4. | Date Of Agreement | Feb. 15, 2010 |
| 5. | Contract Price | Nrs. 62,209,858.13 Inclusive Vat |
| 6. | Total Project Cost | (Nrs.52,686,774.59) |
| 7. | Date Of Completion | 11th Nov., 2011 (25th Kartik, 2068) (Completed, Handover) |
| **B.** | **Extension Of Examination Building (Puidp-Vii): Handover** | |
| 1. | Name Of Contractor | Ajamber Nirman Sewa, Shivaram Construction J/V |
| 2. | Name Of Consultant | Consultancy Services, School Of Engineering, Pokhara Unversity. |
| 3. | Contract No | Puidp-Vii/067-68 |
| 4. | Date Of Agreement | Feb. 28, 2011 |
| 5. | Total Contract Price | Nrs. 8, 311,604.29 Inclusive Vat |
| 6. | Final Project Cost | Nrs. 10,317,712.086. |
| 7. | Date Of Completion | 18th Paush, 2069 (Completed, Handover) |
| **C.** | **Construction Of Girls Hostel Building And Provision Of Furniture At Pokhara University : Under Construction** | |
| 1. | Location | Lekhnath Municipality Ward No.-12, Kaski |
| 2. | Financial Support | Government Of India |
| 3. | Executing Agency | District Development Committee, Kaski |
| 4. | Name Of Contractor | Ashis/Nayabato/Fewa Jv, Pokhara-10 |
| 5. | Contract No | 11/Ddc/Kaski/2067-68 |
| 6. | Date Of Contract | 19, June 2011 |
| 7. | Contract Amount | Nrs. 40, 628,957.54 (Including Vat) |
| 8. | Physical Progress Till Date | About 90.0 % |
| 9. | After Completion Of The Project, The Building Will Have 56 Students Accommodation Capacity | |
| 10. | Date Of Completion | Falgun, 2069 |
| **D.** | **Extension Of Examination Office Building -Phase Ii (Puidp-Viii) : Under Construction** | |
| 1. | Name Of Contractor | Naya Bato - Shree Geeta Construction J/V |
| 2. | Name Of Consultant | Consultancy Services, School Of Engineering, Pokhara University. |
| 3. | Contract No | Puidp-Viii |
| 4. | Date Of Agreement | 23rd March, 2012 |
| 5. | Contract Price | Nrs. 3,31,60,645.80 |
| 6. | Physical Progress Till Date | About 80.0 % (2069/09/29) |
| **E.** | **Additional Floor Construction On School Of Business Block (Puidp-X) : Under Construction** | |
| 1. | Name Of Contractor | Ajamber Nirman Sewa, Shivaram Construction J/V |
| 2. | Name Of Consultant | Consultancy Services, School Of Engineering, Pokhara University. |
| 3. | Contract No | Puidp-X |
| 4. | Date Of Agreement | 22nd August, 2012 |
| 5. | Contract Price | Nrs. 7,568,693.16 |
| 5. | Physical Progress Till Date | About 60.0 % (2069/09/29) |
| **F.** | **Extension Of Central Administrative Building - Phase Ii (Puidp-Ix): Under Tendering Process** | |
| 1. | Estimated Price | About 85 Million Rupees. |
| 2. | Name Of Consultant | Consultancy Services, School Of Engineering, Pokhara University. |
| 3. | Contract No | Puidp-Ix |
| **G.** | **Extension Of Humanities, Library, Nursing, And Health Centre Blocks (Floors Extension) And Land Dev. Works In Academic Premises (Puidp-Xi) : Under Tendering Process** | |
| 1. | Estimated Price | About 41 Million Rupees. |
| 2. | Name Of Consultant | Consultancy Services, School Of Engineering, Pokhara University. |
| 3. | Contract No | Puidp-Xi |

बर्ष १८ | २०७९ श्रावण | अङ्क: १ | पूर्णाङ्क: १५

# पोखरा विश्वविद्यालयको १७ औं दीक्षान्त समारोह सम्पन्न




२०७८ साल फागुन ८ गते, आइतबार, पोखरा-३०, कास्की ।

पोखरा विश्वविद्यालयको १७ औं दीक्षान्त समारोह सम्पन्न भएको छ । विश्वविद्यालयको दीक्षान्त समारोहमा विगत तीन वर्षदेखि विविध कारणले हुन सकेको थिएन । १७ औं दीक्षान्त समारोहको अध्यक्षता पोखरा विश्वविद्यालयका उपकुलपति प्रा.डा. प्रेमनारायण अर्यालले गर्नुभएको थियो । समारोहमा शिक्षामन्त्री पनि आउने तय भएतापनि उहाँ पनि उपस्थित हुन सक्नुभएन ।

दीक्षान्त समारोहको अक्ष्यक्षता गरिरहनु भएका पोखरा विश्वविद्यालयका उपकुलपति प्रा.डा. प्रेमनारायण अर्यालले पोखरा विश्वविद्यालयको आफ्नै एउटा छुट्टै पहिचान रहेको र त्यो भनेको यसले नेपालका अरू विश्वविद्यालयको तुलनामा शैक्षिक पर्यटन र स्वास्थ्य पर्यटनको विकासमा महत्वपूर्ण योगदान दिन सक्दछ भन्ने रहेको उल्लेख गर्नुभयो । उहाँले पोखराको प्राकृतिक सम्पदा, मौलिकता तथा पहिचान झल्कने गरी शिक्षा, स्वास्थ्य, पर्यटन र उद्योगका विविध पक्षलाई समेटी पोखरा विश्वविद्यालयले आफ्ना नीति तथा कार्यक्रमहरूलाई विस्तार गर्दै लैजाने बताउनुभयो । दीक्षित विद्यार्थीलाई सम्बोधन गर्दै उपकुलपतिले भन्नुभयो- "तपाईहरू जस्ता जोश, जाँगर र सीपले निपुण दक्ष युवाहरू विकसित र समुन्नत राष्ट्र निर्माण गर्ने कार्यमा मजबूत आधार र बलियो खम्बा हो । भोलि देशलाई कस्तो बनाउने, कुन दिशामा लैजाने हो तपाईरूमा नै निर्भर गर्दछ ।" उपकुलपतिले आफ्नो सीप र दक्षतालाई विद्यार्थीले देशको गौरव तथा प्रतिष्ठा बढाउन सदुपयोग गर्नुपर्ने बताउनुभयो । यसका लागि प्रतिबद्धतासहित दत्तचित्त, कर्मठ र कर्तव्यपथमा अडिग र निर्भिक भएर लाग्न उहाँले विद्यार्थीलाई आग्रह गर्नुभयो ।

दीक्षान्त समारोहका प्रमुख अतिथि वरिष्ठ शिक्षाविद् एवम् काठमाडौं विश्वविद्यालयका पूर्वउपकुलपति प्रा.डा. सुरेशराज शर्माले गण्डकी प्रदेश प्राकृतिक सौन्दर्यतामा निकै बलियो रहेको, सांस्कृति र ऐतिहासिक दृष्टिकोणले पनि यो प्रदेश निकै धनि रहेको उल्लेख गर्नुभयो । उहाँले यस प्रदेशमा प्रखर चिन्तक, लेखक, कवि र विद्वानहरूको प्रचुरता रहेको, राम्रा विद्यापिठहरू पनि यहि रहेको तथा जलविद्युत उत्पादनमा पनि अग्रणी रहेको उल्लेख गर्नुभयो । उहाँले देश प्राकृतिक स्रोत र साधनले धनि हुँदाहुँदै पनि विज्ञान र प्रविधिमा पछि रहेको तथा जलस्रोत र यातायात क्षेत्रले पनि अपेक्षित गति लिन नसकेकोमा दुःख व्यक्त गर्नुभयो । देशमा युवा बेरोजगारीको कहाली लाग्दो अवस्था रहेको र व्यापार सन्तुलन घाटामा रहेको उल्लेख गर्दै उहाँले हामीलाई मागेर खाने होइन गरेर खाने शिक्षा चाहिएको उल्लेख गर्नुभयो । उहाँले हामीले देशभित्रै कृषि क्षेत्रमा



क्रान्ति ल्याई उत्पादनलाई निर्यात गर्नुपर्ने र विदेशी सहायता रोक्नुपर्नेमा जोड दिनुभयो । यसका लागि देशभित्र उच्च, मध्यम र तल्लोस्तरको अत्यधिक दक्ष जनशक्ति आवश्यक पर्ने बताउँदै प्रविधि, स्वास्थ्य, सञ्चार, कृषि र निर्माण क्षेत्रको विकासमा मुलुकले गम्भिर भएर सोच्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

दीक्षान्त समारोहमा स्वागत मन्तव्य राख्दै मानविकी तथा सामाजिक शास्त्र संकाय डीन सह-डा. अजय थापाले पोखरा विश्वविद्यालय गण्डकी प्रदेशको मात्र नभई उच्चशिक्षामा विशिष्टिकृत पहिचान दिँदै आएको मुलुकको एउटा महत्वपूर्ण शैक्षिक संस्था भएको बताउनु भयो । उहाँले पोखरा विश्वविद्यालयले सञ्चालन गरेका शैक्षिक कार्यक्रमहरू स्तरीय, रोजगारमुखी, बजारोन्मुख, उत्पादनमुखी र व्यवसायिक किसिमका रहेकाले यसले मुलुकको सर्वाङ्गिण विकासका लागि आवश्यक पर्ने विविध ज्ञान र सीपयुक्त दक्ष जनशक्तिको आपूर्तिलाई सहज तुल्याएको उल्लेख गर्नुभयो । उहाँले विद्यार्थी राष्ट्रका गहना र अमूल्य रत्न भएकाले आफ्नो कर्तव्यपथमा नडगमगाई निर्वाध स्वत-स्फूर्त रूपमा राष्ट्र निर्माण र परिवर्तनको संवाहकको रूपमा दीक्षान्त समारोहमा शपथ लिनुपर्नेमा जोड दिनुभयो ।

विश्वविद्यालयको प्राङ्गण, पोखरा-३०, खुदी ढुङ्गेपाटनमा आयोजित १७ औं दीक्षान्तको विशेष समारोहमा २०७५ चैत्र २० गतेपछि २०७८ साल फागुन महिनाको १ गतेसम्म ट्रान्स्क्रिप्ट लिएका विभिन्न शैक्षिक कार्यक्रमका तहपार गरेका कुल ११,२६८ जना विद्यार्थीहरुलाई दिक्षित गरिएको थियो । दीक्षित विद्यार्थीमध्ये मानविकी तथा व्यवस्थापनतर्फको विद्यावारिधि तहमा तीन जना, विज्ञान तथा प्रविधि संकायको स्नातकोत्तरतहमा ४९४ जना र स्नातकतहमा २,५२१ जना र स्वास्थ्य विज्ञान संकायको स्नातकोत्तरतहमा ८४ जना र स्नातकतहमा १०१४ जना छन् । त्यसैगरी मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गतको एमफिल तहमा ९७ जना, स्नातकोत्तरतहमा ९३ जना र स्नातकतहमा ५७ जना तथा व्यवस्थापन संकायको स्नातकोत्तरतहमा १,६९६ जना र स्नातकतहमा ५२०५ जना विद्यार्थी दीक्षित भएका छन् ।

दीक्षान्तमा विभिन्न विधाका ९३१ जना विद्यार्थी डीन लिष्टमा पर्न भए । जसमध्ये व्यवस्थापन संकायको स्नातकोत्तरतहमा २१९ जना र स्नातकतहमा ३९० जना, स्वास्थ्य विज्ञान संकायको स्नातकोत्तरतहमा १८ जना र स्नातकतहमा ९५ जना, विज्ञान तथा प्रविधि संकायको स्नातकोत्तरतहमा ५७ जना र स्नातकतहमा १३६ जना, मानविकी तथा सामाजिकशास्त्र संकायको एमफिलतहमा ५ जना, स्नातकोत्तरतहमा ६ जना र स्नातकतहमा ५ जना विद्यार्थी छन् ।

दीक्षान्त समारोहमा विद्यावारिधि तहमा सर्वोकृष्ट अंक प्राप्त गर्ने ३ जनालाई कुलपति पदक, स्नातकतहका विभिन्न विधामा सबैभन्दा उच्च अंक प्राप्त गर्ने ८ जनालाई उपकुलपति पदक र स्नातकोत्तरतहका विभिन्न विद्यामा सबैभन्दा उच्च अंक प्राप्त गर्ने १६ जना विद्यार्थीलाई कुलपति पदकले विभूषित गरिएको थियो । साथै कम्प्यूटर एप्लिकेशन स्नातकतहमा सबैभन्दा उच्च अंक प्राप्त गर्ने ३ जना विद्यार्थीलाई ओसिईएम गोल्ड मेडलबाट विभूषित गरिएको थियो ।

# स्कूल अफ बिजनेशलाई संस्थागत मान्यता




२०७९ साल असार १२ गते आइतबार, पोखरा-३०, कास्की।

विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुरले पोखरा विश्वविश्वविद्यालको आङ्गिक महाविद्यालय स्कूल अफ बिजनेशलाई संस्थागत मान्यता (Certificate of Institutional Accreditation) बाट प्रमाणित गरेको छ।

संस्थागत मान्यताको उद्देश्य संस्थाको शैक्षिक लक्ष्य र कार्यहरूलाई इमान्दारीपूर्वक पालना गरी प्रभावकारी रूपमा हासिल गर्न अभिप्रेरित गर्नु हो। यो मान्यता पछि संस्थाले उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी मान्यताको वैधता अवधिमा शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता सुनिश्चित गर्न क्षमता प्रदर्शन गनुपर्नेछ। विश्वविद्यालय अनुदान आयोगले नेपालमा उच्चशिक्षा सुधारको महत्वपूर्ण पक्षको रूपमा गुणस्तर आश्वासन र मान्यता (क्यूएए) कार्यक्रम शुरू गरेको हो।


Publisher : Information Section, Pokhara University
Pokhara- 30, Kaski, Nepal
Tel: +977-61-504046
Email: info@pu.edu.np
URL: https://pu.edu.np
Editor : Lok Prasad Dhakal
Printed By : New Srijana Offset Press, Pokhara- 8